# सर्भाइभर लिडरसिप फन्ड - आवेदन गाइड

*यस कोषको उद्देश्य शोषणको प्रत्यक्ष अनुभव (मानव बेचबिखन, जबरजस्ती श्रम, बाल श्रम, बन्धक श्रम वा जबरजस्ती विवाह सहित) गरेका पीडितहरूको नेतृत्वमा सञ्चालित संस्थाहरूलाई टेवा प्रदान गर्नु हो। नेपाल र इन्डोनेसियामा अवस्थित पीडितहरूको नेतृत्वमा सञ्चालित संस्थाहरूले आवेदन दिन सक्ने छन्। तपाईंलाई सहयोग चाहिएमा वा आवेदन पूरा गर्न कठिनाइ भएमा, कृपया सहयोगका लागि SLF@freedomfund.org मा सम्पर्क गर्नुहोस्।*

*यस कागजातको उद्देश्य सबै इच्छुक आवेदकहरूका लागि आवेदन प्रक्रियाको रूपरेखा प्रस्तुत गर्नु हो। यस कागजातको अन्त्यमा, अनलाइन आवेदन फाराममा सोधिएका सबै प्रश्नहरूको सूची पनि दिइएको छ। कृपया ध्यान दिनुहोस्, यो कागजात आवेदन फाराम होइन; यो एक गाइड हो।* सबै आवेदकहरूले हाम्रो अनलाइन फाराम भर्नुपर्ने छ।

---

### सुरु गर्नुअघि

- तपाईंको संस्था **नेपालमा अवस्थित** रहेको र **आधुनिक दासत्वको प्रत्यक्ष अनुभव गरेका व्यक्तिहरूको नेतृत्वमा** सञ्चालित रहेको सुनिश्चित गर्नुहोस्**।**
- तपाईंलाई सांगठनिक विवरण, नेतृत्वको सम्पर्क विवरण र सन्दर्भ व्यक्तिहरूमा पहुँच आवश्यक पर्ने छ।
- तपाईंले हाल अनुदान प्राप्त गरिरहनुभएको छ वा पहिले नै फ्रिडम फन्डबाट अनुदान प्राप्त गर्नुभएको छ भने, आवेदन फाराम बुझाउनुअघि कृपया तलको इमेल ठेगानामार्फत हामीलाई जानकारी दिनुहोस्।
- तपाईंको संस्थाको नाममा बैंक खाता छ भने, कृपया यस फाराममा अगाडि बढ्नुहोस्। खाता सञ्चालन गर्न दुई जनाको हस्ताक्षर चाहिने व्यवस्था गरिएको हुनुपर्दछ। यदि तपाईंको संस्थाको नाममा बैंक खाता छैन वा कुनै व्यक्तिको नाममा व्यक्तिगत खाता प्रयोग गरिरहनुभएको छ भने, फाराम भर्नुअघि कृपया SLF@freedomfund.org मा इमेल गर्नुहोस्।

### कसरी आवेदन गर्ने

**अनलाइन आवेदन फाराम** पूर्ण र सही तरिकाले भर्नुहोस्। तोकिएको समयसीमाभित्र फाराम बुझाउनुहोस् (सूचीबद्ध नभएको खण्डमा फ्रिडम फन्डमा सोधखोज गर्नुहोस्)।

तपाईंलाई सहयोग चाहिएमा SLF@freedomfund.org मा सम्पर्क गर्नुहोस्।

### सहमतिको सूचना

आवेदन पेस गरेर, तपाईं फ्रिडम फन्डलाई सञ्चार प्रयोजनका लागि साझेदार र सहयोगीहरूलाई तपाईंको संस्थाको सम्पर्क विवरण प्रदान गर्न अनुमति दिन सहमत हुनुहुन्छ।

### सबल आवेदनका लागि सुझावहरू

- **आफ्ना कुरा स्पष्ट र संक्षेपमा राख्नुहोस्।** बुलेट पोइन्ट वा छोटा अनुच्छेदहरू प्रयोग गर्नुहोस्।
- सबैतिर **पीडितको नेतृत्वलाई स्पष्ट रूपमा हाइलाइट** गर्नुहोस्।
- **प्रभाव देखाउनुहोस्।** सम्भव भएसम्म आफ्नो कामको डेटा वा उदाहरणहरू प्रयोग गर्नुहोस्।
- आवेदन बुझाउनुअघि आफ्नो आवेदन **प्रुफरिड** गर्नुहोस्।

फाराम भर्दा कुनै पनि प्रश्न भएमा वा मद्दत चाहिएमा यसमा इमेल गर्नुहोस्: SLF@freedomfund.org

---

### प्रत्येक खण्डका लागि निर्देशनहरू

#### 1. इमेल

तपाईंको आवेदनका लागि मुख्य सम्पर्क इमेल प्रदान गर्नुहोस्।

#### 2–16. संस्थाको विवरण

- पूरा कानुनी नाम, स्थापना भएको वर्ष र दर्ता विवरण समावेश गर्नुहोस्।
- तपाईंको संस्था तपाईंको देशमा निकायको रूपमा दर्ता भएको छ भने, कृपया दर्ता मिति समावेश गर्नुहोस्। तपाईंको संस्था तपाईंको देशमा दर्ता गरिएको छैन भने, हामीलाई यो फाराममा बताउनुहोस्।
- कृपया आफ्नो वेबसाइट र सबै सामाजिक सञ्जाल पृष्ठका लिङ्कहरू प्रदान गर्नुहोस्।
- तपाईंले प्रयोग गर्न चाहने सम्पर्क विधिहरू र फाराम भर्ने व्यक्तिको भूमिका उल्लेख गर्नुहोस्।

आफ्नो **कर्मचारीको संख्या** (तलब र स्वयंसेवकहरू) बारे स्पष्ट उल्लेख गर्नुहोस्। स्थायी रूपमा कार्यरत कर्मचारी, करारमा रहेका कर्मचारी र स्वयंसेवकहरूलगायत कर्मचारीहरूको संख्या उल्लेख गर्नुहोस्।

#### 17–22. संस्थाका प्रमुख

- संस्थापक र/वा संस्था प्रमुखको नाम, पद, सम्पर्क ठेगाना र जन्म मिति प्रदान गर्नुहोस्।
- यी व्यक्ति **सम्झौताहरूमा हस्ताक्षर गर्न अधिकारप्राप्त** व्यक्ति रहेको सुनिश्चित गर्नुहोस्।

#### 22–24. शासन

- तपाईंको बोर्ड अध्यक्ष वा समकक्षको नाम र पृष्ठभूमि प्रदान गर्नुहोस्।
- संस्थाभित्र उनीहरूको भूमिका र मतदान गर्ने स्थिति पुष्टि गर्नुहोस्।

#### 25–28. मिसन र फोकस

- तपाईंको संस्थाको रणनीतिक योजना छ कि छैन, सङ्केत गर्नुहोस्।

- लागू हुने सबै फोकस क्षेत्रहरूमा चिन्ह लगाउनुहोस् र आफ्नो **मिसन, उद्देश्य र क्रियाकलापहरूको** विस्तृत विवरण प्रदान गर्नुहोस्।
- कृपया तपाईं के हासिल गर्ने अपेक्षा गर्नुभएको हो भन्ने कुरा समावेश गरी आफ्नो संस्थाको उद्देश्यका साथै आफ्नो संस्थाका समग्र लक्ष्यहरू प्रविष्ट गर्नुहोस्।
- कृपया आफ्नो संस्थाका सबै सान्दर्भिक चालु कार्यक्रम, क्रियाकलाप वा परियोजनाहरू छनौट गर्नुहोस् (जस्तै सचेतना अभिवृद्धि कार्यक्रम, पीडितहरूलाई सहयोग प्रदान गर्ने, पैरवी)।

### 29–31. कर्मचारी र पीडितहरूको संलग्नता

- तलब पाउने कर्मचारी र स्वयंसेवकहरूको संख्या निर्दिष्ट गर्नुहोस्।
- यदि तपाईंको संस्थामा शोषणबाट पीडित व्यक्ति वा शोषणको प्रत्यक्ष अनुभव गरेको व्यक्तिको रूपमा पहिचान गर्ने कर्मचारी र/वा नेतृत्वमा छन् भने, कृपया तपाईंको संस्थामा उनीहरूले ओगटेका व्यावसायिक पदहरू (जस्तै निर्देशक, प्रबन्धक, संस्थापक, नेतृत्व, प्रशासक, कार्यक्रम, आदि) सूचीबद्ध गर्नुहोस्। तपाईंले उनीहरूको नाम सूचीबद्ध गर्नुपर्दैन, उनीहरूको पदमात्र उल्लेख गरे पुग्छ। शोषणबाट पीडित व्यक्ति वा शोषणको प्रत्यक्ष अनुभव गरेको व्यक्ति भन्नाले जबरजस्ती श्रम, मानव बेचबिखन, बँधुवा श्रम वा जबरजस्ती विवाहको शिकार भएको व्यक्तिलाई बुझाउँछ।

### 32–33. संस्थागत प्रोफाइल र कोष व्यवस्थापन

- तपाईंको संस्थाको विकासलाई सबैभन्दा उपयुक्त हुने चरण छनौट गर्नुहोस्।
- कोषका सबै सान्दर्भिक स्रोतहरूमा चिन्ह लगाउनुहोस् र आवश्यक परेमा अन्य स्रोतहरूको बारेमा छोटकरीमा वर्णन गर्नुहोस्।

### 34. तपाईंले यस कोषको अवसरको बारेमा कसरी थाहा पाउनुभयो?

- कृपया तपाईंले सर्भाइभर लिडरसिप फन्डको **बारेमा** पहिलो पटक कहाँबाट थाहा पाउनुभयो, बताउनुहोस्। उदाहरणका लागि, फेसबुक वा ट्विटर वा सहकर्मी वा साथीमार्फत थाहा पाउनुभएको हुन सक्छ।

### 35. SLF अनुदानको प्रयोग

- तपाईंको संस्थालाई यो अनुदान प्रदान गरियो भने, तपाईंलाई यो रकम कसरी प्रयोग गरिने छ भन्ने लाग्छ? उदाहरण: कर्मचारीहरूका लागि कम्प्युटर खरिद गर्ने, कार्यालयको भाडा तिर्ने, कर्मचारी नियुक्त गर्ने, कार्यक्रमलाई सहयोग गर्ने, आदि। संक्षिप्त विवरण पर्याप्त हुन्छ; यो तपाईंले पैसा कसरी खर्च गर्न सक्नुहुन्छ भन्ने इङ्गित गर्नका लागि मात्र हो र तपाईंले अनुदान प्राप्त गर्नुभयो भने यो बाध्यकारी हुँदैन।

### 36. तपाईंको सुरक्षण नीति **छ?**

तपाईंको सुरक्षण नीति छ वा सुरक्षण कार्य गर्ने विभिन्न सुरक्षा नीतिहरू छ भने तलका विकल्पहरूमध्येबाट कृपया "छ" छनौट गर्नुहोस्।

माथि वर्णन गरिएका कुनै पनि विकल्पहरूमध्ये तपाईंको संस्थामा कुनै छैनन् भने कृपया "छैन" चयन गर्नुहोस्।

THE FREEDOM FUND

तपाईं अनिश्चित हुनुहुन्छ वा थप विवरण व्याख्या गर्न चाहनुहुन्छ भने, कृपया 'अन्य' छनोट गर्नुहोस् र एक वा दुई वाक्यमा आफ्नो संस्थाको अवस्था वर्णन गरी लेख्नुहोस्।

## 37. सन्दर्भहरू

कृपया तपाईंको संस्था र तपाईंको कामको बारेमा जानकारी राख्ने दुई जना व्यक्तिको नाम र सम्पर्क विवरण लेख्नुहोस्। यो साझेदार संस्था, समुदायको सदस्य, कार्यक्रमका लाभग्राही वा तपाईंले कुनै पनि हैसियतमा काम गर्नुभएको अन्य संस्था हुन सक्छ। तपाईंको संस्थाको बारेमा प्रमाणित गर्न यी दुई व्यक्तिहरूलाई सम्पर्क गर्न सकिने छ।

- व्यक्ति 1 को नाम:
  व्यक्ति 1 को इमेल:

- व्यक्ति 2 को नाम:
  व्यक्ति 2 को इमेल:

## 37. थप विवरण

- तपाईंको आवेदनलाई अझ सबल बनाउने अरू कुनै पनि विवरण प्रदान गर्नुहोस्: प्रभाव, आवश्यकता, समुदायबाट प्रशंसा वा साझेदारीका कथाहरू

---